म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २३ सोमबार ०६ भदौ २०७९ ने. सं. ११४२ गुँलागा 22 August, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**


हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४ ९८४५०२८४३१**

# चुनौतीका बाबजुद हेटौंडा उपमहानगरलाई बालमैत्री घोषणाको तयारी



साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरलाई बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने स्थानीय तह बनाउने अभियान सुरु भएको छ ।

हेटौंडा उपमहानगरपालिकालाई आगामी वर्ष २०८० को मंसिरसम्ममा बालमैत्री घोषणा गर्ने निर्णय भएको हो । आइतबार हेटौंडामा आयोजित अभिमुखिकरण कार्यक्रममा उपमहानगरका प्रमुख मिनाकुमारी लामाले आगामी वर्षको मंसिरसम्म नगरलाई बालमैत्री उपमहानगरपालिका घोषणा गर्ने अभियानअन्तर्गत् प्रतिबद्धता जनाएकी हुन् । प्रतिबद्धता पत्रमा लामासहित प्रमुख प्रशासकीय अधिकृत, उपमहानगरका १९ वटै वडाका वडाध्यक्ष, बालबालिकाको क्षेत्रमा क्रियाशिल संस्था, सहकारीलगायतले प्रतिबद्धता जनाएका छन् ।

उपमहानगरलाई बालमैत्री स्थानीय शासन नीतिगत कार्यान्वयनका लागि अवलम्बन तथा घोषणाको लागि सामूहिक प्रतिवद्धता जनाउँदै अभियानलाई प्रारम्भ गरिएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए । उनले आगामी वर्षको मंसिरमा बालमैत्री घोषणा गर्ने गरी तयारीलाई तीव्र बनाइने बताए । बालमैत्री घोषणा गर्ने तयारीका लागि नगर प्रमुख लामाको संयोजकत्वमा उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकिय अधिकृत शिबराज चौलागाई नगरका सबै वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, उपमहानगरका शिक्षा, स्वास्थ्य, सामाजिक विकास महाशाखा, बिषयगत संघसस्था, बिद्यालयका प्रधानाध्यापकहरु सम्मिलित समिति निर्माण भएको छ ।

उक्त समितिले बालमैत्री घोषणा अभियानलाई अगाडि बढाउने समितिका सदस्य सचिव तथा उपमहानगरपालिकाका महिला तथा वालवालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले जानकारी दिइन् । आइतबार भएको अभिमुखीकरण कार्यक्रममा बालमैत्री स्थानीय तह घोषणाका फाईदा, कार्यान्वयनको प्रक्रिया र संवैधानिक नीतिका बारेमा सहभागीहरुलाई जानकारी गराइएको थियो । जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले बालमैत्री पालिका घोषणाको तयारीसँगै कार्यान्वयनको पाटोमा पनि लाग्न आग्रह गरे । सुन्दर नगरलाई थप सुन्दर बनाउन बालमैत्री घोषणाले महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ ।

नगर प्रमुख लामाले भविष्यका कर्णधारको रुपमा रहेका बालबालिकाको क्षेत्रमा लगानी गर्न उपमहानगर तयार रहेको बताएकी छन् । उनले बालबालिकालाई सक्षम र सवल बनाउन शिशुको गर्भाअवस्थाबाटै स्यारसुहार र ख्याल गर्न जरुरी रहेको बताइन् । बालमैत्री पालिका घोषणाका राष्ट्रिय सहजकर्ता बिष्णुप्रसाद चौवेले सहजीकरण गर्नेछन् । उनले संबिधानको धारा ३ को उपधारा १० अनुसार नेपालका पालिकाहरु बालमैत्री बन्ने व्यवस्था रहेको जानकारी दिए । उनले देशभरका ११ उपमहानगरमध्ये दाङको घोराही उपमहानगर बालमैत्री घोषणा भइसकेको र हेटौंडा बन्ने तयारीमा जुटेको भन्दै खुशी व्यक्त गरे ।

बालमैत्री घोषणाका ५१ वटा सूचकमा काम गर्नुपर्ने हुन्छ । बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संथागत विकास मुख्य सूचक रहेका छन् । उपमहानगरलाई बालमैत्री घोषणमा ठूलो चूनौती भने खडा हुनेछ । जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा धेरै बालश्रम हुने पालिका हेटौंडा उपमहानगर हो । बालमैत्री घोषणाका लागि प्रमुखताका साथ बालश्रम र बालविवाह न्यूनिकरणमा काम गर्नुपर्ने हुन्छ । तर, उपमहानगरपालिकालाई बालश्रम र बालविवाह नियन्त्रणमै चुनौती हुनेछ । हेटौंडाका ग्यारेज, होटललगायतका क्षेत्रमा निकृष्ट बालश्रमको अवस्था भयावह छ । यसअघि बालश्रम रोक्न थुप्रै प्रयास भएपनि उपमहानगरपालिका असफल हुँदै आएको छ ।

फितलो कानुनका कारण निकृष्ट श्रममा बालबालिकाहरुलाई कारबाही गर्न हालसम्म सरकारी निकाय सफल हुन सकेका छैनन् । संघीयता अगावै हेटौंडाको ११ नम्बर वडालाई बालश्रम मुक्त वडाका रुपमा घोषणा गरिएपनि त्यसको कार्यान्वयन हुन सकेको छैन् । त्यतिबेला बालश्रममुक्त वडा घोषणा गरिए पनि दोहोर्‍याएर अभियानलाई निरन्तरता दिइएको थिएन् । उपमहानगरका प्रवक्ता न्यौपानेले चुनौती थुप्रै रहेपनि सबै खाले चुनौतीलाई पन्छाएर अभियान सफल बनाइने बताए । उपमहानगरले नगर भित्रका हरेक समस्या समाधानका लागि प्रभावकारी ढंगबाट काम गर्ने भन्दै बालमैत्री घोषणा समयमै गरिने बताए ।

हेटौंडामा बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, नेपालको संविधान २०७२ को मौलिक हक, बालबालिका ऐन २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ मा बालबालिका केन्द्रित कानूनी व्यवस्थालाई अवलम्बन गरी बालमैत्री स्थानीय शासन अवलम्बनको अभियान चलाइने भएको छ ।

हेटौंडाले तोकिएकै समयमा बालमैत्री घोषणा गरेर जिल्लाको चौथो बालमैत्री पालिका बन्न सफल हुनेछ । यसअघि जिल्लाका मनहरी, बकैया र मकवानपुरगढी गाउँपालिका बालमैत्री घोषणा भइसकेका छन् । विकट क्षेत्रको कैलाश गाउँपालिकाले पनि आगामी वर्ष बालमैत्री घोषणा गर्ने तयारी गरेको छ ।

# मकवानपुरमा पाँच हजार ६ सय ८४ जना भूमिहीन




साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ मकवानपुरमा पाँच हजार ६ सय ८४ जना भूमिहीन रहेका छन् ।

राष्ट्रिय भूमि आयोग मकवानपुरले आईतबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै जिल्लाको १० वटा स्थानीय तहमा पाँच हजार ६ सय ८४ जना भूमिहीन रहेको जानकारी दिएको हो ।

आयोगका सदस्य सचिव समेत रहेका नापी कार्यालय मकवानपुरका प्रमुख नापी अधिकृत पूर्णहरि सुवेदीले जिल्लाको १० वटै स्थानीय तहमा गरी ३ सय ७९ जना भूमिहीन दलित, २ हजार ४६३ जना भूमिहीन सुकुम्बासी र ३३ हजार ३२६ संख्याले अव्यवस्थित बसोबासीले जग्गा प्रमाण पत्रको लागि निवेदन दिएको जानकारी दिए ।

उनले जिल्लाको बागमती गाउँपालिकामा तीन भूमिहीन दलितले लाजपूर्जा प्राप्त गरिसकेको बताउँदै ३० जनाले जग्गा प्राप्त गर्ने तयारी अवस्थामा रहेको बताए । राष्ट्रिय भूमि आयोग मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले चाँडै नै जग्गा धनी प्रमाणपत्र लालपूर्जा प्राप्त गर्ने बताए । उनले मकवानपुरमा रहेको वास्तविक भूमिहीनको पहिचान गरेर लालपूर्जा वितरण गरिने बताए ।

दाहालले मकवानपुरको बागमती, बकैया गाउँपालिकाको २ वटा वडा र हेटौंडाको ११ नम्वर वडामा लालपुर्जा वितरण गर्न आवश्यक नापजाँचको काम भइरहेको बताए । उनले निर्वाचनको बेलामा उम्मेदवारहरुले लालपूर्जा दिन नसकिने स्थानमा पनि लालपूर्जा वितरण गर्छु भन्दै भूमिहिनलाई झुटो आश्वासन दिएकोसमेत बताए ।

दाहालले चुरे तथा विभिन्न वन आरक्ष क्षेत्रभित्र रहेको स्थानमा लालपूर्जा वितरण गर्न नसकिने समेत स्पष्ट पारे । उनले भूमिहीनले चालु आर्थिक वर्षमै जग्गा प्रमाण पत्र (लालपूर्जा) प्राप्त गर्ने दाबी गरे । आयोगका अनुसार पहिलो चरणमा भूमिहीन दलित र सुकुम्बासीलाई लाजपूर्जा दिइने छ भने दोस्रो चरणमा अव्यवस्थित बसोबासीलाई लालपूर्जा दिइने छ ।

# खोलाले बगाएर बेपत्ता भएका दुई महिलाको शव फेला



हेटौंडा, ५ भदौ/ मकवानपुरको मनहरी खोला तर्ने क्रममा खोलाले बगाएर बेपत्ता भएका दुईजनाको शव फेला परेको छ ।

कैलाश गाउँपालिका-१० को धाँदरबाट नाम्सेदुङ्ग जान मनहरी खोला तर्ने क्रममा खोलाले बगाएर बेपत्ता भएका दुई महिलाको शव फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले शनिबार साँझ ६ बजेको समयमा मनहरी खोला तर्ने क्रममा खोलाले बगाएकी सन्तमाया प्रजा र माइलीमाया रुम्बाको शव फेला परेको जानकारी दिए । रुम्बा खोलाले बगाएको करिब ८ किलोमिटर तल मृत अवस्था फेला परेकी प्रहरीले जनाएको छ ।

**तथास्तु शपिङ्ग मार्केटको शटर पसल भाडामा उपलब्ध छ।**

**Booking Open Now !**

हेटौंडा-१०, मेनरोड (वाणिज्य बैंक संगै र नेपाल बैंकको विपरित)

9851112227, 9855067303, 9855067647

विषेशताहरु :-
- आफ्नै पर्याप्त पार्किङ्ग सुविधा भएको ।
- सडक मापदण्ड (३१ मि.) पूरा भएको ।
- १० वर्ष सम्मको लिखित सम्झौता हुने ।
- २४ सै घण्टा सुरक्षा गार्ड रहेको ।
- निःशुल्क सार्वजनिक शौचालय भएको ।
- निःशुल्क इन्टरनेट सुविधा भएको ।
- सफा र फराकिलो पसल कौल भएको ।



**हार्दिक बधाई तथा शुभकामना**

ROUNDTABLE NEPAL



श्री रवि अग्रवाल

श्री आषिश अग्रवाल | श्री विकास जालान | श्री अक्षत अग्रवाल | श्री अञ्जनी अग्रवाल

विभिन्न सामाजिक कार्य गर्ने उद्देश्यले २०७८ सालमा स्थापित **हेटौंडा राउण्ड टेबल**को शनिबार हेटौंडामा सम्पन्न अधिबेशनबाट वर्ष सन् २०२२-२०२३ को लागि अध्यक्ष पदमा **श्री रवि अग्रवाल**, निर्वतमान अध्यक्ष **श्री आषिश अग्रवाल**, उपाध्यक्षमा **श्री विकास जालान**, सचिवमा **श्री अक्षत अग्रवाल** र कोषाध्यक्षमा **श्री अञ्जनी अग्रवाल** चयन हुनुभएकोमा हार्दिक बधाई दिँदै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**सम्झौता सापकोटा (अध्यक्ष) एवम्**

**Himalayan Motors Pvt.Ltd.**

**हेटौंडा, चौकीटोल, परिवार**

**HETAUDA SCHOOL OF MANAGEMENT**

"कडा अनुशासन, स्तरीय शिक्षा"

ADMISSION OPEN

+2 Science Management Hotel Management



CLASSES ARE STARTING FROM BHADRA 1ST

New attraction for Science students

Morning & Afternoon Classes for 10+2 Management

Hetauda-4, Makawanpur | info@hsm.edu.np hsm.edu.np | 057-524701, 057-524711

www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# फोहोर व्यवस्थापनमा सबै गम्भीर बनौं

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घरपालुवा पशुपक्षीका कारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पन्न हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाकलापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्राय: सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ । पछिल्लो समय हेटौंडा उपमहानगरपालिकाले स्रोतमै फोहोरलाई कुहिने र नकुहिनेमा वर्गीकरण गरेर संकलनको तयारी गरेको छ । यसमा नगरबासीले भरपुर साथ दिनु जरुरी छ । कुहिने फोहोरलाई करेसाबारीमा प्रयोग गर्न सकिन्छ । करेसाबारी नहुनेले जम्मा पारेर कुहिने फोहोर उठाउने दिनमा नगरपालिकाको गाडीमा पठाउनुपर्छ भने नकुहिने फोहोर जम्मा पारेर नकुहिने फोहोर उठाउने दिन पठाउने व्यवस्था मिलाए फोहोरको ठूलो समस्या समाधान गर्न सकिन्छ । यसमा सबैले साथ दिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ०७ गते मंगलबार २३ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष एकादशी । गुँलागा ११४२ । सूर्योदय: ५:३८, सूर्यास्त: ६:३३ मा हुनेछ । अजा एकादशी ब्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पढाइमा प्रगति हुने | तुला | : काममा प्रगति हुनेछ |
| वृष | : विश्वासमा संकट आउने | वृश्चिक | : शत्रु पराजित हुने |
| मिथुन | : निर्माण कार्यमा प्रगति | धनु | : मानसम्मान बढ्ने |
| कर्कट | : सामाजिक काममा सफलता | मकर | : सम्मानित काम हुनेछ |
| सिंह | : सन्तानबाट खुशी मिल्ने | कुम्भ | : यात्राबाट लाभ हुनेछ |
| कन्या | : व्यापारमा केही हानि हुने | मीन | : दिन राम्रोसँग बित्नेछ |

# नागरिकता विधेयकमा गरिएको महाभूल



महावीर पौड्याल

नेपाली नागरिकसँग विवाह गरी आफ्नो देशको नागरिकता त्यागी नेपालमा बसोबास गरी नेपाली नागरिकता लिन चाहने विदेशी पुरुष र महिला दुवैको हकमा सात वर्षको समान सीमा राख्ने । त्यसपछि नागरिकता प्रदान गर्ने । राज्य व्यवस्था समितिले गरेको यो सिफारिसलाई वर्तमान सरकाले अस्वीकार गऱ्यो । र नयाँ विधेयक ल्यायो ।

राष्ट्रपतिद्वारा सन्देशसहित फिर्ता गरिएको 'नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन बनेको विधेयक' बिहीबार प्रतिनिधिसभाले जस्ताको तस्तै पारित गर्यो । पाँच दलीय गठबन्धनको बहुमत रहेको प्रतिनिधिसभाबाट पास भएको यसले दुईटा सन्देश दिएको छ ।

पहिलो-संसद्ले जस्तोसुकै अपूर्ण कानुन बनाउन खोजे पनि पाउनुपर्छ । राष्ट्रपतिले त्यसलाई रोक्न सक्दैनन् ।

दोस्रो- हामी नै सर्वेसर्वा हौं, हामीले जे चाह्यो त्यही हुन्छ ।

राष्ट्रपतिद्वारा प्रमाणीकरण भएपछि कानुन बन्ने विधेयकमा यस्ता प्रावधान छन् जसले नागरिकता विवादको मूल प्रश्न सम्बोधन गर्दैनन् । जन्मसिद्ध नागरिकका सन्तानले वंशजको नागरिकता पाउनुपर्छ भन्ने कुनै विवादको विषय होइन । मुख्य विवादको प्रश्न दुई विषयसँग सम्बन्धित छन् । पहिलो र आधारभूत विषय लैङ्गिक समानताको हो । बन्न खोजेको कानुनले नागरिकतामा पुरुष सर्वोच्चता कायम गर्छ ।

पुरुषले बिना कुनै व्यवधान आफ्नो पत्नीको परिचय नखुलाइकन पनि आफ्नो सन्तानलाई निर्धक्क नागरिकता दिलाउन सक्छ । तर त्यही कुरा महिलाको हकमा फिटिक्कै लागू हुँदैन । उनले आफ्नो श्रीमान्को परिचय खुलाउनुपर्छ वा स्वघोषणा गर्नुपर्छ ।

त्यतिमात्र होइन, यदि उनको श्रीमान् विदेशी भएको ठहर भएमा उनको सन्तानले पाएको वंशजको नागरिकता अंगीकृतमा परिणत हुन्छ । साथै दण्ड सजाय पनि भोग्नुपर्ने हुन्छ । बन्न लागेको कानुनको अर्को ठूलो समस्या भनेको अंगीकृत नागरिकतासम्बन्धी हो । नेपाली पुरुषसँग वैवाहिक सम्बन्ध राख्ने विदेशी महिलाले आफ्नो देशको नागरिकता त्याग गर्ने प्रक्रिया सुरु गर्दाबित्तिकै नेपाली अंगीकृत नागरिकता प्राप्त गर्ने तुरुन्त बाटो खुल्छ । 'एक हातमा सिन्दुर, अर्को हातमा नागरिकता' भन्ने बहस यसै तर्कमा आधारित छ ।

तर त्यही प्रक्रिया नेपाली महिलासँग विवाह गरेर आफ्नो देशको नागरिकता त्यागी नेपाली नागरिक हुन चाहने विदेशी पुरुषको हकमा लागू हुँदैन । उसले वर्षौं पर्खनुपर्छ । र नागरिकता पाइहाले पनि उसको सन्तान वंशजको नागरिक बन्दैनन्, अंगीकृत नागरिक बन्छन् ।

विधेयक प्रमाणीकरण भएमा यो विभेदकारी व्यवस्था संस्थागत हुनेछ । संसद्को राज्य व्यवस्था समितिले यस्तो विभेदकारी प्रावधान कसरी हटाउन सकिन्छ भन्ने बारे लगभग दुई वर्ष छलफल गऱ्यो र एउटा निष्कर्षमा पुग्यो ।

नेपाली नागरिकसँग विवाह गरी आफ्नो देशको नागरिकता त्यागी नेपालमा बसोबास गरी नेपाली नागरिकता लिन चाहने विदेशी पुरुष र महिला दुवैको हकमा सात वर्षको समान सीमा राख्ने । त्यसपछि नागरिकता प्रदान गर्ने । राज्य व्यवस्था समितिले गरेको यो सिफारिसलाई वर्तमान सरकाले अस्वीकार गऱ्यो । र नयाँ विधेयक ल्यायो । विवादको चुरो यही हो ।

### के फरक पर्छ ?

के यसो गर्नु जायज हुन्छ ? यस विषयमा मैले साथीभाइ तथा अग्रजहरुसँग बेला-बेला संवाद गर्ने गरेको छु । अक्सर उहाँहरुको प्रतिक्रिया के फरक पर्छ ? हुने गर्छ । मेरो विचारमा धेरै फरक पर्छ । पहिलो, यसले आफ्नो पत्नीलाई नागरिकता प्रदान गर्ने हकमा नेपाली पुरुषलाई नेपाली महिलाभन्दा 'बढी समान' बनाउँछ । दोस्रो, विदेशी नागरिकसँग विवाह गर्ने नेपाली महिलालाई नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाभन्दा 'कम समान' बनाउँछ । अर्को शब्दमा यसले समानताको सिद्धान्तको उल्लंघन गर्दछ ।

कुनै पनि सभ्य राज्यले आफ्नो नागरिकलाई विदेशी नागरिकसँग वैवाहिक सम्बन्ध राखेकै कारण नागरिकता कानुनमा पुरुषका लागि एउटा प्रावधान र महिलाका लागि अर्को प्रावधान राख्नु सुहाउँदैन । यसलाई सच्याउने भनेको दुईवटा तरिकाबाट हो । एउटा पाँच या सात वर्षको 'कुलिङ अफ पिरियड' राख्ने, दुवै विदेशी महिला र पुरुषका हकमा कानुन संशोधन गरेर । जसका लागि विधेयक कानुन बनिसकेको अवस्थामा पुन: कानुन संशोधन गर्नु पर्ने हुन्छ, जुन कम्तिमा आउँदा केहि बर्ष लगभग असम्भव हुनेछ ।

दोस्रो तरिका भनेको नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषलाई पनि बिना व्यवधान नेपाली नागरिकता प्राप्त गर्ने अधिकार दिनु । बिना कुनै सीमा नेपाली नागरिकसँग विवाह गर्ने विदेशी नागरिकलाई विवाह प्रश्चात तुरुन्तै नागरिकता दिँदा नेपाल नागरिकता कानुनमा सम्भवत: विश्वकै लचिलो देश बन्छ । सोच्नैपर्ने कुरा नेपालमै जन्मिएको र बसोबास गरेको नागरिकले पनि १६ वर्ष पुरा गरेपछि मात्र नागरिकता पाउँछन् । विदेशीको हकमा तुरुन्तै प्रदान गरिने यो हदसम्मको लचक कानुन बनाउनुपर्ने बाध्यता के हो ? सांसदहरूले बताएका छैनन् ।

### लोकरिझ्याँईका लागि विषयान्तर

नागरिकता बहसमा धेरै मानिस मुख खोल्न चाहँदैनन्, पश्चगामी, स्त्रीद्वेषी, पुरुषवादीको लेभल लाग्ने डरले । त्यसैले विषयान्तर गरिन्छ । राज्यले नागरिकलाई कसरी राज्यविहीन गराउन सक्छ ? राष्ट्रपतिले उही प्रकारको अध्यादेश सदर र सोही अनुरुपको नागरिकता विधेयक कसरी फिर्ता पठाउन मिल्छ ? नागरिकतासम्बन्धी बहस अक्सर भारतसँगको वैवाहिक सम्बन्धमा मात्र सिमित गरिने गरिन्छ ।

यो सत्य हो कि नेपालको तराई मधेशमा सीमापारि वैवाहिक सम्बन्ध गाँस्ने चलन छ । तर, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध गाँस्ने भारतीय नागरिकमात्र हुने छन् भनेर सोच्नु गलत हो । राज्यले भारतबाट वैवाहिक सम्बन्ध राख्ने वा अन्य देशबाट वैवाहिक सम्बन्ध राख्ने महिला र पुरुषबीच फरक-फरक प्रावधान राख्न सुहाउँदैन ।

तर्क गरिन्छ: नेपालमा त्यस्तो केही पनि छैन जसका कारण कोही पनि विदेशी नेपालमा आएर बस्न र नेपाली नागरिकता लिन लालायीत होस् । त्यसो भए नागरिकता कानुनमा हामी हदै लचिलो किन हुनुपर्ने ?

अर्को तर्क गरिन्छ: नागरिकता विधेयकमा गरिएको वर्तमान व्यवस्था वर्षौंदेखि चलिआएको व्यवस्थाकै निरन्तरता हो । त्यसो हो भने हामीले नयाँ नागरिकता कानुन बनाउँदै पर्दैनथ्यो । असमान प्रावधान भए, समानताको सिद्धान्तविपरीत भयो, महिलामाथि विभेद भयो, कुनै लैंगिक समूहको लागि खुकुलो प्रावधान भए र अर्को समूहप्रति कडा प्रावधान भयो भनेर नै नयाँ कानुनको आवश्यकता महसुस भएको हो ।

लोक रिझ्याँइको लागि नागरिकता सम्बन्धमा कठोर सत्य नबोल्ने बौद्धिक र विचार निर्माताहरुमा रहेको प्रवृत्ति राजनीतिक वृत्तमा पनि उत्तिकै हावी छ ।

नागरिकता विधेयकसँग असन्तुष्ट नेताहरु कांग्रेस, माओवादी केन्द्र तथा एमालेभित्र प्रशस्त छन् । तर ति बोल्दैनन्, खास गरेर आउँदै गरेको चुनावका कारण । मधेशमा र ष्ट्रपतिको कदमलाई विवादित बनाएर, एमालेसँग जोडेर, एमालेलाई मधेशविरोधी देखाएर भोट काट्न सकिन्छ भन्ने दाउमा गठबन्धनका दलहरु देखिन्छन् । एमाले आफैंले पनि विधेयकको सशक्त विरोध गर्न नसक्नुमा मधेशको भोट घट्ला कि भन्ने भयले त्रस्त देखिन्छ । 'बरु जे सुकै होस्' भन्ने मनस्थिति बनेको देखिन्छ । बुझ्नुपर्ने कुरा जस्तोसुकै नङ मासु जोडिएको सम्बन्ध भएपनि भारत र नेपाल दुई फरक देश हुन भन्नेसम्मको 'कमनसेन्स' पनि नभएको देखिने गरी दलहरु आफूलाई प्रस्तुत गर्दैछन् ।


यसबीचमा केही विवाद समाधानका उपायहरु नआएका पक्कै होइनन् । नेपाली नागरिकसँग बिहे गर्ने विदेशी नागरिकलाई पाँच वा सात वर्षको सीमा अवधि तोक्ने र त्यस अवधिका लागि कुनै 'रेजिडेन्ट परमिट' जस्तो डकुमेन्ट दिने । साथै महिला र पुरुषबीच समान प्रावधान राख्ने । यस विषयमा बहस नै भएन । समस्याग्रस्त विधेयक फेरि राष्ट्रपतिको टेबुलमा पुगेपछि फिर्ता पठाउन नमिल्ला । कानुन नै विवादास्पद भएपछि यसको परिणाम नराम्रो हुने नै भयो । दश वर्षपछि फर्केर हेर्दा २०७९ सालमा नेपालले नागरिकता कानुनमा ठूलो गल्ती गर्यो भन्ने देखिएला । राजनीतिक दल, बौद्धिक वर्ग कसैले पनि यो महाभूलको जिम्मा लिने छैनन् ।

के हामीले वर्षौंसम्म गरेको समानताको बहस अंगीकृत नागरिक (कुनै लैंगिक समूहका लागि मात्र) लागि लचक कानुन बनाउने उद्देश्यबाट मात्र प्रेरित थियो ?

विवादित विषयको समाधान गर भनी राष्ट्रपतिद्वारा पठाइएको सुझावलाई पूर्ण रुपमा बेवास्ता गरी विधेयक जस्ताको त्यस्तै पारित गरेर उत्सव मनाइरहेका गठबन्धनका दलहरूबाट जवाफ भने नेपाली जनताले पक्कै खोज्नेछन्, आउँदा दिनहरूमा । राष्ट्रपतिलाई दोष दिएर आफू पानीमाथिको ओभानो देखाउने गठबन्धन दलहरूको प्रपन्च लामो समय पक्कै नटिक्ला ।

यो विवादास्पद विधेयक कानुन बने पनि नागरिकतासम्बन्धी समस्या समाधान हुने छैन । तर नागरिकतासम्बन्धी तार्किक बहस गर्नेहरुलाई नक्कली राष्ट्रवादी, स्त्रीद्वेषी, भारतविरोधी भएको आरोप भने पक्कै लागिरहनेछ । - साभार: नेपाललाइभ

# प्रदीप गिरि : "अनटेस्टेड, बट रेफ्री"




विपुल पोखे्रल

गिरि पटकपटक सांसद भए तर मन्त्री बन्न चाहेनन् । मन्त्री किन नभएको भन्ने प्रश्नको मनमौजी जवाफ दिन्थे, 'कसैले बनाए पो हुने' भन्ने जस्तो जवाफ आउँथ्यो । उनी आफैं परीक्षणमा जाने भन्दा परीक्षणमा गएकाहरूको मूल्यांकन र खबरदारी गर्ने पात्रका रुपमा आफूलाई उभ्याउन इच्छुक देखिन्थे । अर्थात उनी 'अनटेस्टेड वट रेफ्री'को भूमिकामा नेपाली राजनीतिमा रहे ।

प्रदीप गिरिको निधनपछि शास्त्रीय चिन्तन र छलफलको एउटा महत्वपूर्ण खम्बा ढलेको महसुस गरिएको छ । यो रिक्तता तत्कालै पूरा होला भन्नेमा कसैको पनि विश्वास देखिँदैन । त्यति मात्र होइन, यो रिक्तता अब कहिल्यै पनि पूर्ति हुँदैन भन्ने विश्वास गर्नेको संख्या पनि ठूलै छ । नेपालको संसद्मा समाजवादी कोणबाट राज्यको नीति, कार्यक्रम र बजेटको समीक्षा गर्ने अनि बिना आग्रह त्यसलाई ठीक बेठीक भन्न सक्ने आत्मविश्वासी स्वर पनि अब कमजोर हुने निश्चित रहेको महसुश गरिएको छ ।

निधन शास्वत नियम हो । 'मृत्यु नै जीवनको अन्तिम पाना हो'- प्रदीप गिरिले एकपटक कतै भनेको स्मरण छ । उनको दर्शनलाई मान्ने हो भने मृत्यु नै जीवनको पूर्णता हो । तसर्थ, उनको जीवन अब 'पूर्ण' भएको छ । 'पूर्णता' पाएको उनको जीवनको समीक्षा गर्दा उनका प्रतिस्पर्धीहरुले पनि उनको सादगी र दार्शनिक पक्षको चर्चा र प्रशंसा गरिरहेका छन् । यसले के देखाउँछ भने उनले सफलतापूर्वक 'इहलीला' समाप्त गरेका छन् ।

प्रदीप गिरिले लामो आफ्नो राजनीतिक जीवनमा समाजवादको अध्ययन, विश्लेशण, चर्चा-परिचर्चा र संस्लेषण गरे । यसैमा उनी रमाए । एकपटक विपी कोइरालालाई उनले आग्रह गरेका थिए, 'सान्दाजु अब मेरो सक्रियता समाजवादको अध्ययनमा केन्द्रीत गर्छु । समाजवादीहरुसँग मेरो संसर्ग बढाइदिनु पऱ्यो ।' भारतीय समाजवादी नेताहरूलाई विपी कोइरालाले पत्र नै लेखेर गिरिलाई भेट्न र सम्बन्ध बनाउन आग्रह गरेका थिए ।

समाजवादप्रतिको उनको रुचीलाई यो कसीमा राखेर पनि हेर्न सकिन्छ । एकपटक पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले विपीका बारेमा भनेका थिए, -'युगभन्दा चाँडो जन्मिएका कारण विपीलाई नेपाली समाजले चिन्न सकेन । उहाँ नेपाली समाजको चेतना स्तर भन्दा धेरै माथि हुनुहुन्थ्यो ।' विपीको आत्मवृतान्तमा पनि कहीं कतै उनले शास्त्रीय छलफल गर्ने समूह नपाएको सन्देश दिएका छन् । तर, प्रदीप गिरि विपीका अगाडि देखा पर्ने यस्ता युवा थिए, जसले विपीसँग समाजवादको शास्त्रीय छलफल गर्ने हैसियत राख्दथे र त्यो छलफलप्रति विपीको रुची बढ्थ्यो । विपीलाई प्रश्न सोध्ने उनको हैसियत देख्दा उनका कतिपय सहकर्मीहरुले उनलाई बक्रदृष्टिले हेरेका दृष्टान्तहरु पनि छन् । उनको अध्ययनको ओजले त्यस्ता बक्रदृष्टिहरु धेरै तल नै बिलुप्त हुन पुगे ।

दर्शनप्रतिको अगाध आस्था, त्यसको व्याख्याता र सक्रिय राजनीति । यो दुवैलाई समायोजन गर्दै हिंड्न सक्ने पात्रहरु कमै पाउँछ समाजले । गिरिले त्यो हैसियत बनाए भन्न सकिन्छ । उनी सक्रिय राजनीतिबाट विश्राम नलिएरै दर्शनको महत्वको प्रचार गर्दै हिडिरहे । कांग्रेसको नेता, सांसद तर कम्युनिष्टहरुलाई मार्क्सवाद र साम्यवाद पढाउँदै हिड्ने पात्र एउटै १ राजनीतिक रुपमा विभक्त नेपाली समाजमा यो कुरा असम्भव लाग्छ ।

तर प्रदीप गिरि त्यस्तो 'असम्भव पात्र' बनेर पनि आफ्नो थप परिचय स्थापित गर्न सफल भए । समाज विकासको क्रममा मार्क्सवादलाई स्वभाविक दर्शनका रुपमा उनले व्याख्या गर्दै हिड्थे । उनले भने,-'मार्क्सको दर्शनप्रतिका मेरा असहमतिहरू छन्, तर त्यो एउटा स्वभाविक दर्शन हो ।' उनको अध्ययन, आत्मविश्वास र स्पष्ट दृष्टिकोणपछिको अभिव्यक्ति थियो यो ।

विपी कोइरालाबाट निकै प्रभावित, दीक्षित उनको सबैभन्दा प्रिय कुरा थियो-स्वतन्त्रता । स्वतन्त्रताको अभावमा दर्शन पनि निर्माण हुन सक्दैन र स्वतन्त्रतालाई अस्वीकृत गर्ने दर्शन समाजको लागि उपयोगी पनि हुनै सक्दैन । तुलसी गिरिको परिवारका प्रदीपलाई एकपटक आफ्ना परिवार र शुभेच्छुकहरुबाट पञ्चायतमा प्रवेश गर्न निक्कै दबाब परेको थियो । उनले पञ्चायतमा दर्शन देख्नु भएन र दबाबलाई अस्वीकृत गरी दिए । पारिवारिक दबाब र स्वतन्त्रताको लडाई रोज्दा उनी स्वतन्त्रताको लडाइको कित्तामा उभिए । मार्क्सवादको प्रशिक्षक भएर हिँड्दै गरेका उनी कहिल्यै कम्युनिष्ट हुनु भएन । यी दुई सन्दर्भले उनी स्वतन्त्रताको बलिया पक्षधर भएको प्रमाणित हुन्छ ।

'गाउँले सभ्यताको विकास गर्ने बजेट भएन' भनेर तत्कालीन अर्थमन्त्री युवराज खतिवडाको बजेटमाथि संसदमा उनले गरेको टिप्पणी निकै चर्चित रह्यो । विपीले परिकल्पना गरेको नेपालको सन्दर्भमा प्रजातान्त्रिक समाजवादको व्याख्या गर्न उनी अब्बल थिए । प्रष्ट वक्ता र सरल शब्दचयन उनका विशेषता थिए । यी विशेषताको उचाइबाट उनले सबैलाई ललकार्ने हैसियत राख्थे ।

एउटा सन्दर्भमा कांग्रेसका केही नेताहरुले आफ्नो कार्यकालको उपलब्धीहरु सुनाउने क्रममा भन्दै थिए कि हाम्रो पालामा यति विद्यालय थपिए, यति स्वास्थ्यचौकी थपिए आदि आदि । कार्यक्रमको अन्त्यतिर बोल्दै गिरिले भने, 'तपाईहरुले थपेको सरकारी स्कूलमा कति विद्यार्थी पढ्छन् आज ? तपाईहरुले थपेका स्वास्थ्य चौकीमा कति बिरामी आउँछन् आज ? तपाईहरुले त्यो हेर्नुभएको छ ? भौतिक संरचनाको निर्माण मात्र समाजवादको पूर्वाधार हैन ।' उदारवादी अर्थतन्त्रको अभ्यास गर्दै गर्दा राज्य आफ्नो दायित्वबाट विमुख हुन पाउँदैन भन्ने सन्दर्भमा उनको यो भनाइ आएको थियो । तराईको सम्पन्न परिवारमा जन्मिएर पनि विलासी संस्कृतिको अवलम्बन नगर्नु उनको समाजवादप्रतिको सम्मोहको एउटा बलियो उदाहरण हो । दर्शनको व्याख्या गर्नेहरु प्राय: एकांकी, सामूहिक गफगाफमा रुचि नदिने स्वभावका हुन्छन् । एकोहोरो बोलिरहन रुचाउँछन् । तर गिरि फरक थिए । गाउँमा गएर सम्बाद गर्ने, सुन्ने उनको रुचि नै थियो । युवाहरुलाई अभिप्रेरित गर्ने उनीहरुसँगको संवादमा जोड दिने उनको क्षमता र स्वभाव थियो ।

गिरि पटकपटक सांसद भए तर मन्त्री बन्न चाहेनन् । मन्त्री किन नभएको भन्ने प्रश्नको मनमौजी जवाफ दिन्थे, 'कसैले बनाए पो हुने' भन्ने जस्तो जवाफ आउँथ्यो । उनी आफैं परीक्षणमा जाने भन्दा परीक्षणमा गएकाहरूको मूल्यांकन र खबरदारी गर्ने पात्रका रुपमा आफूलाई उभ्याउन इच्छुक देखिन्थे । अर्थात उनी 'अनटेस्टेड वट रेफ्री'को भूमिकामा नेपाली राजनीतिमा रहे ।

उनी सांसद रहँदा अरु बेला नबोले पनि सरकारको नीति तथा कार्यक्रम र बजेटमा अनिवार्य बोल्थे । सरकार उनको पार्टीको होस् वा नहोस्, उनको समाजवादको आलोकमा त्यसको समीक्षा गर्थे । उनी संसद्मा बोल्दै गर्दा प्रजातान्त्रिक समाजवादको शिविरजस्तै बन्थ्यो संसद् । कार्यकारीहरु त्रसित हुन्थे । संसदले अब त्यो विशिष्ट क्षण प्राप्त गर्ने छैन । नेपाली समाजले प्रजातान्त्रिक समाजवादको कसीमा नेपाली अर्थतन्त्रलाई डोऱ्याउनका लागि गरिने खबरदारीको उचो स्वर सुन्न पाउने छैनन् । यो रिक्तता हाम्रो लागि अब बाध्यता हो । अलबिदा प्रदीप दाइ ।

*(लेखक नेपाल पत्रकार महासंघका अध्यक्ष हुन्)*

*-साभार: इकागज*

# गिरी, साहित्य र समाजवाद



काठमाडौं ५ भदौ (रासस)/ दार्शनिक लेखक एवं विश्लेषक प्रदीप गिरीको निधनले मुलुकलाई बौद्धिक क्षति पुगेको छ । घाँटीको क्यान्सरबाट पीडित कांग्रेस नेता गिरीको शनिबार मेडिसिटी अस्पतालमा निधन भएको हो ।

"रचनामा मीठास भर्न खप्पिस झर्रोसाहित्यकार गिरी सालिन व्यक्तित्वका धनी हुनुहुन्थ्यो, सादा जीवन र उच्च विचारका रुपमा कहलिएका स्व गिरीको असमाहिक निधनले जुझारु पाठकलाई खल्लो बनाएको छ", साहित्यकार ध्रवचन्द्र गौतमले भने ।

साहित्यकार गौतम स्व गिरीका सहपाठी हुनुहुन्थ्यो । गिरीलाई उनले एक असल मित्र, राजनीतिक चिन्तक, ठूला पाठक, बौद्धिक लेखक र निष्ठाका धनी, सादगी व्यक्तित्व रहेको बताए । जनमत साहित्यक मासिक पत्रिकाका प्रधान सम्पादक तथा प्रकाशक मोहन दुवालले राजनीति विद्धानको सूचीमा स्व गिरी अग्रपङ्क्तिमा रहेको जानकारी दिए ।

स्व गिरीले जनमत साहित्यक मासिक पत्रिकामार्फत साहित्यमा आफ्नो धारणा राख्दै, "कविता वा कलालाई पढ्न र बुझ्न खोज्नुभनेको आफूलाई खोतल्नु हो", भनेको छ । साहित्यकार निलम कार्की 'निहारीका'को कविता सङ्ग्रहको भूमिकामा उनले "साहित्य अनुशिलन मेरा निम्ति आफ्नै जीवनको एउटा अङ्ग हो", भनी उल्लेख गरेको छ ।

उनले शारदा मासिक पत्रिकालगायतका दर्जनौं साहित्यक पत्रिकामा आफ्ना साहित्यक लेख रचना प्रकाशन गर्नुभएको साहित्यकारले बताएको छ । वरिष्ठ पत्रकार एवं लेखक जगत नेपालले स्व गिरी राममनोहर लोहिया र गान्धीबाट प्रभावित रसिक, सालिन व्यक्तित्व, सत्यका पक्षमा अडिक र निडर लेखक रहेको बताए ।

लेखक नेपालले गिरीको निधनले मुलुकले एक असल नेता, स्थापित लेखक र कहलिएको साहित्यकार गुमाएको बताउँदै उनको निधनपछि बीपी र बीपीको प्रजातान्त्रिक समाजवादप्रतिको धारणा राख्ने पछिल्लो पुस्तासमेतको अवसान भएको चर्चा गरे । साहित्यकार विनोद दीक्षितका अनुसार स्व गिरी विशिष्ट राजनीतिक चिन्तन भएका पठनीय र सङ्ग्रहनीय साहित्य सिर्जना गर्नसक्ने उच्चकोटीका राजनीति विशलेषक तथा लेखक रहेको जानकारी दिए ।

साहित्यकार रोचक घिमिरेका नजरमा स्व गिरी नवीन खोज तथा अनुसन्धानमूलक लेख र चना पढ्न तथा रचना गर्न रुचाउने निर्भिक व्यक्ति हुनुहुन्थ्यो । स्व गिरीले २०२८ सालमा बनारसबाट 'अक्षर' द्वैमासिक साहित्यक मासिक पत्रिका प्रकाशन गरिएकोबाट पनि उनको साहित्यमा गहिरो अभिरुचि रहेको पुष्टि हुन्छ ।

पिता मित्रलाल गिरीको प्रेरणाले राजनीतिमा संलग्न प्रदीप गिरीका धेरै लेख रचना पढ्दै आएका पाठक वासुदेव ढुङ्गानाका अनुसार उनका राजनीति लेखमा सीमान्तकृत र पिछडिएका जनताको मर्मस्पर्शी चोटलाई साहित्यक रुपमा चित्रण गरिएको पाइन्छ ।

उनका थुप्रै लेख रचना दर्जनौँभन्दा बढी पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । विशेष गरी उनले 'विश्वेश्वरप्रसाद कोइराला, 'राजनीति अभिलेख', 'विश्वेश्वरप्रसाद कोइराला प्रतिनिधि संकलन' 'दौपदी देश', 'नेपाली कांग्रेस माओवादी र मधेश (२०६६)' 'डा राममोहन लोहिया', 'लेनिनको जीवनी' 'नारी' 'मार्क्सवाद' तथा 'अर्थशास्त्र'सम्बन्धी दर्जनभन्दा बढी कृति प्रकाशित भएका छन् । विसं २०१७ देखि सक्रिय राजनीति प्रारम्भ गरेका कांग्रेस नेता पाठकवर्गको बौद्धिक तिर्खा मेटाइदिन सक्ने समालोचक पनि हुनुहुन्थ्यो । उनले बिपी र मदनमणि दीक्षितका केही पुस्तकको समालोचनासमेत गरेको साहित्यकार रोचक घिमिरेले जानकारी दिए ।

विभिन्न सार्वजनिक समारोहमा कांग्रेस नेता गिरीले राजनीति र साहित्य जनताका लागि गर्नु र लेख्नुपर्छ भन्ने गर्थे । उनले झन्डै चार वर्ष जेल जीवन बिताएको छ । भारतको जवहारलाल नेहरु विश्वविधालयबाट अर्थशास्त्र र दर्शनशास्त्रका स्नातकोत्तर गिरी अध्ययनमा विशेष रुचि राख्ने प्राय: सबैले रुचाइएका नेता पनि थिए ।

गिरीले एक पटक एक सार्वजनिक कार्यक्रममा जबसम्म युवा गाउँमा अडिने वातावरण हुदैन तबसम्म वास्तविक समाजवाद नआउने चर्चा गरेको थियो । उक्त कुरा अहिले सावित हुँदै गएको छ ।

# रसौली फुटबल कपको उपाधी हेटौंडा फुटबल एकेडेमीलाई

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ हेटौंडा फुटबल एकेडेमीले रसौली फुटबल कपको उपाधी उचालेको छ ।

चितवनको राप्ति नगर पालिकामा भएको रसौली फुटबल कपको उपाधी हेटौंडा फुटबल एकेडेमीले जितेको हो । फाइनल खेलमा भरतपुर-९ लाई सडेनडेथमा हराउँदै हेटौंडा फुटबल एकेडेमीले रसौली फुटबल कपको उपाधी चुम्न सफल भएको छ । निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । ट्राइब्रेकरमा ४-४ गोलको बराबरी खेलको नतिजा सडेनडेथबाट लिएको थियो । सडेनडेथमा हेटौंडा फुटबल एकेडेमीले भरतपुर-९ लाई ६-५ गोल अन्तरले हराएको हो ।

प्रतियोगिताको विजेता बनेसँगै हेटौंडा फुटबल एकेडेमीले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । प्रतियोगितामा उत्कृष्ट डिफेन्डर हेटौंडा फुटबल एकेडेमीका सञ्जीव अर्याल, उत्कृष्ट गोलरक्षक अजय बराल र उत्कृष्ट प्रशिक्षकमा भीम लामा घोषित भए ।

# ३ जनामा कोरोना संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ मकवानपुरमा आईतबार थप ३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

आइतबार २३ जनाको पिसीआर विधिबाट स्वाब परीक्षण गर्दा ३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालय मकवानपुरले आईतबार ७ जना कारोना संक्रमणमुक्त भएको जनाएको छ । कार्यालयको अनुसार अहिले मकवानपुर जिल्लामा कोरोनाका १८ जना सक्रिय संक्रमित रहेका छन् ।

# बागमती प्रदेशमा कृषिमा ७० करोडको बीउ पुँजी

चितवन, ५ भदौ (रासस)/ बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि उत्पादन, प्रशोधन र बजारीकरणका लागि ७० करोडको बीउ पुँजी विनियोजन गरेको छ । १० लाखदेखि एक करोडसम्मको बीउ पुँजी उपलब्ध गराउने गरी बजेट विनियोजन गरिएको हो ।

परियोजनाको लागतका आधारमा लागतको बढीमा २० प्रतिशतसम्म बीउ पुँजी दिन लागिएको छ । मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेका अनुसार यसै महिनादेखि काम अघि बढाईदैछ । किस्ताबन्दीमा रकम फिर्ता गर्नेगरी बीउ पुँजी दिन लागिएको हो । यसका लागि अतिरिक्त शुल्क र व्याज कृषकले तिर्नुपर्दैन तर दुईदेखि पाँच वर्षभित्रमा रकम भने फिर्ता गर्नुपर्छ ।

यस प्रदेशअन्तर्गतका किसानलाई मन्त्रालयले अनुदानको सट्टामा बीउ पुँजी उपलब्ध लगाउन लागेको र यसबाट किसान प्रत्यक्षरुपमा लाभन्वित हुनाका साथै अनुदान लिने र काम नगर्ने प्रवृत्ति निरुत्साहित हुने उनको भनाइ छ ।

कृषिमा लाग्ने र विगतदेखि नै कृषि पेशामा आबद्ध भएका व्यक्ति, समूह, सहकारीलाई गाई, बाख्रा, भैंसी, बङ्गुरलगायत कृषि फार्म, चिस्यान केन्द्र, प्राङ्गारिक मल कार खाना, दूध प्रशोधन केन्द्र, फलफूल जुस उत्पादनलगायतमा पनि बीउ पुँजी दिइनेछ । कृषि व्यवसाय (उत्पादन प्रशोधन र बजारीकरण) कार्यको थालनी, सुधार र वृद्धि गर्नुपर्दा लाग्ने पुँजीमा सहयोग गर्ने उद्देश्यले कार्यक्रम ल्याइएको हो ।

अनुदान कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै प्रभावकारी ढङ्गबाट परिचालन गर्न अनुदान प्रवाहको सट्टामा बीउ पुँजी परि चालनको नीति अगाडि सारिएको सचिव पाण्डे बताउछन् । कार्य प्रगतिका आधारमा तोकिएको मापदण्ड र सम्झौतामा उल्लेख भएअनुसार किस्ताबन्दीमा बैंकमार्फत बीउ पुँजी उपलव्ध गराइनेछ । प्रदेशभित्र बसोबास गरी कृषि कार्य गर्ने जोकोही पनि बीउ पुँजीबाट लाभान्वित हुनेछन् । १० लाखभन्दा बढी बीउ पुँजी माग गर्ने कृषकको बैंक ग्यारेन्टी लिएर रकम दिइनेछ । गत वर्षमा दिइएको ५० प्रतिशत अनुदान कटौती गरी बीउ पुँजी थालिएको हो । बीउ पुँजीका लागि भदौ १५ गतेसम्ममा सूचना आह्वान गर्ने गरी तयारी थालिएको छ ।

मन्त्रालयले निर्देशनालय र कृषि ज्ञानकेन्द्रमार्फत कार्यक्रम अघि बढाउँदैछ । मन्त्रालयले उत्पादनका आधारमा प्रोत्साहन रकम वितरणका लागि ३५ करोड विनियोजन गरेको छ । जसमध्ये दूधका लागि ३० करोड र उन्नत बीउका लागि पाँच करोड विनियोजन गसिएको हो । गत वर्ष प्रदेशका दुग्ध उत्पादक कृषकले प्रतिलिटर एक दशमलव ६३ प्रतिशत अनुदान पाएका थिए । सहकारीमार्फत दूध संकलन भई बिक्री भएका आधारमा अनुदान रकम दिने व्यवस्था छ ।

# राष्ट्रिय खेलकुदका लागि छनोट सुरु



म्याग्दी, ५ भदौ (रासस)/ आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सञ्चालन हुन लागेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी छनोट गर्न थालिएको छ ।

भदौ १२ गतेसम्म जिल्लास्तरका खेलाडी छनोट गरिसक्ने राष्ट्रिय खेलकुद परिषद्को समय तालिकाअनुसार यहाँ छनोटलाई तीव्र बनाइएको हो । जिल्लामा इच्छुक खेलाडीको नाम दर्ता गरेर छनोट गराउन थालिएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।

सोह्र खेलमा प्रदेशस्तरीय छनोटमा सहभागी गराउने योजनाअनुसार आर्चरी, कवड्डी र तेक्वान्दो खेलका खेलाडी छनोट गरिएको समितिका अध्यक्ष दिनेश केसीले बताए । "सम्बन्धित खेलकुद संघसँग समन्वय गरेर खेलाडी छनोटको काम भइरहेको छ", उनले भने, "जिल्लाबाट छनोट भएका खेलाडीलाई प्रदेशस्तरीय प्रतिस्पर्धामा सहभागी गराइ राष्ट्रिय प्रतियोगितामा सहभागी गराउने कार्यविधि छ ।"

जिल्लामा अन्य खेलका भदौ १० गतेसम्म छनोट गर्ने अध्यक्ष केसीले बताए । राष्ट्रिय खेलकुद परिषद्ले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि पूर्वाधार निर्माण, खेल प्रशिक्षण र व्यवस्थापकीय काम सुरु गरेको छ ।

देशभरबाट खेलाडी छनोटसँगै गण्डकीको राजधानी पोखराबाहेकका सहरमा पनि प्रतियोगिताको खेल खेलाउन लागिएको राखेपका सदस्य राजेश गुरुङले बताए ।

विसं २०७७ मा हुनुपर्ने नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता पछिल्लो पटक असोज-कात्तिक महिनामा सारिएको थियो । पोखरा रंगशालालाई मुख्य खेलस्थल मानेर पोखरा नजिकैका गण्डकीका अन्य सहरमा पनि खेल सञ्चालन गर्ने तयारी राखेपले गरेको छ ।

यसैगरी राष्ट्रिय महिला भलिबल टिमका क्याप्नेट अरुणा शाहीलगायत सात जनालाई बेनीमा शनिबार सम्मान गरिएको छ । जिल्ला भलिबल संघको कार्यालय स्थापनाको अवसरमा म्याग्दीको भलिबल खेलको विकासमा योगदान गरेको भन्दै उनहरूलाई सम्मान गरिएको हो । सम्मानित हुनेमा टिम क्याप्टेन शाही, भलिबल खेलाडी मुन्ना केसी, गङ्गा केसी, जिल्ला खेलकुद विकास समितिका पूर्वध्यक्ष कृष्णकुमार विश्वकर्मा, भलिबल संघका पूर्व अध्यक्ष रमेशकुमार श्रेष्ठ, पूर्व सचिव विनय श्रेष्ठ, भलिबल रेफ्री डिबी श्रेष्ठ रहेको छ ।

जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा, संघका अध्यक्ष तेजेन्द्र बानियाँ लगायतले सम्मानपत्र प्रदान र दोसल्ला ओढाएर सम्मान गरेको थियो । जिसस प्रमुख थापाले बेनीको शिक्षा मार्गमा स्थापना भएको भलिबल संघको कार्यालय पनि स्थापना गरे । संले जिल्लाका छ वटै स्थानीय तहमा पनि समिति विस्तार गरेको छ ।

# मदिरा सेवनबाट कलेजो बिग्रने समस्या बढ्दो

चितवन, ५ भदौ (रासस)/ अत्यधिक नियमित मदिरा सेवन गर्नाले कलेजो बिग्रनेको संख्या दैनिक बढ्दो छ । भरतपुरको मौलाकालिका अस्पतालका रेडियोलोजिष्ट डा रमेश घिमिरेसँग जाँच गराउन आउने बिरामीमध्ये दैनिक सरदर तीन जना मदिरा सेवनका कारण कलेजो बिग्रेर आउने गर्दछन् । उनले भने "कलेजो बिग्रने अवस्थामा जाँदै गरेका बिरामी दैनिक छ हाराहारी आउँछन् ।"

अस्पतालमा कलेजोरोग विशेषज्ञ र मनोरोग विशेषज्ञ भएकाले यस्ता बिरामी बढी हुने गरेका छन् । यसो त यहाँका मेडिकल कलेज, सरकारी भरतपुर अस्पताल र अन्य निजी अस्पतालमा यो समस्या लिएर आउनेको संख्या निकै बढी हुने गरेको छ ।

उनले भने, "फ्याटी लिभर भएका दैनिक आठ/दश जना आउँछन् । तीमध्ये ७५ प्रतिशत मदिरा सेवन गर्नेहरू हुन्छन् ।" 'फ्याटी' लिभर भएका सामान्य, मध्यम र जटिल भएर आउने गर्दछन् । उनीहरूलाई सामान्य अवस्थामा फर्काउन सकिने चिकित्सकहरू बताउँछन् । कलेजोको 'सिरोसिस' भएकालाई पूर्ववत अवस्थामा फर्काउन कठिन हुन्छ । यस्तालाई प्रत्यारोपणको विकल्प हुँदैन ।

डा घिमिरेले 'सिरोसिस' भएको बिरामीको कलेजो जुटको बोराजस्तै हुने जानकारी दिए । चितवन मेडिकल कलेजका कलेजो प्रत्यारोपण सर्जन डा सञ्जयकुमार यादवले अस्पतालमा हालसम्म प्रत्यारोपण गरिएका छ जना सबैको उच्च मदिराका कारण कलेजो काम नलाग्ने भएको बताए । तीमध्ये एक जनामा हेपाटाइटिस बी समेत देखिएको थियो । उनले भने, "नेपालमा कलेजोमा समस्या आउने अधिकांश मदिराको कारण हो ।" लामो समयसम्म धेरै मदिरा पिउनेहरूमा कलेजोको समस्या हुने गरेको छ । धेरै मदिरा सेवन गर्नेहरूमध्ये १० देखि १५ प्रतिशतमा कलेजोको समस्या हुने उनी बताउछन् ।

चिकित्सकका अनुसार नियमित धेरै मदिरा सेवन गर्नेका १० देखि १५ वर्षमा कलेजो बिग्रने गर्दछ । सुरुमा कलेजो खराब भए पनि बाहिर समस्या देखिँदैन ।

# पूर्वमिस नेपाल अनुष्का श्रेष्ठ दक्षिण एसियाको उत्कृष्ट १० उद्यमीको सूचीमा



काठमाडौं/ मिस नेपाल वर्ल्ड २०१९ अनुष्का श्रेष्ठ दक्षिण एसियाका १० उत्कृष्ट महिला उद्यमीको सूचीमा परेकी छन् । इन द क्याप म्यागजिनले तयार पारेको सूचीमा अनुष्का तेस्रो स्थानमा छिन् । सन् २०२० मा उनले स्थापना गरेको स्थानीय डेजर्ट ब्रान्ड माकुसीले अनुष्कालाई यो उपलब्धि दिलाएको हो । उनको यो सफलताप्रति मिस नेपाल आयोजक संस्था द हिडन ट्रेजरले बधाई दिएको छ । यो ब्रान्डले परम्परागत नेपाली स्वादको मिठाइ बिक्री गर्छ । सूचीको पहिलो स्थानमा बंगलादेशकी उद्यमी तमारा आबेद छिन् । उनले स्थापना गरेको ब्रान्ड आरोङले कफीसहित अन्य उत्पादन गर्छ । दोस्रो स्थानमा भारतकी अनिशा सिंह छिन् । उनले मायडाला ब्रान्ड स्थापना गरेर चर्चामा आएकी हुन् । अनुष्काको कुरा गर्दा उनले माकुसी ब्रान्डसँगै मिस वर्ल्डमा ब्युटी विथ पर्पस विधा पनि जितेकी थिइन् ।

# श्रमदान गरेर दुई किलोमिटर सडक मर्मत



गलेश्वर, ५ भदौ (रासस)/ म्याग्दीको मालिका गाउँपालिका-४ च्युरिबोटका युवाको सामूहिक पहलमा जनश्रमदानद्धारा च्युरिबोट गाउँमा शनिबार दुई किलोमिटर बाटो मर्मत गरिएको छ । च्युरिबोटस्थित परिवर्तन युवा क्लबको नेतृत्वमा सडक मर्मत गरिएको हो ।

वडाको सल्लेनदेखि च्युरीबोट गाउँ नजिकै पधेँरा खोल्सासम्म सडक मर्मत गरिएको क्लबका सचिव मदन पुनले जानकारी दिए । अविरल वर्षात्सँगै आएको पहिराले गाउँपालिकाको केन्द्र दरबाङदेखि वडा कार्यालय जोड्ने सडक भत्काएपछि यातायात अवरुद्ध भएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अक्षयकोष स्थापनार्थ सांस्कृतिक कार्यक्रम

रुपन्देही, ५ भदौ (रासस)/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनद्वारा आयोजित अखिल साँझ कार्यक्रममा तिलोत्तमावासी रमाएका छन् ।

लामो समयपछि आयोजित सो खुला साङ्गीतिक कार्यक्रम हेर्न तिलोत्तमा र बुटवलका सङ्गीतप्रेमी सहभागी भएका थिए । गरिब तथा जेहेन्दार विद्यार्थीको अक्षयकोष स्थापनार्थ सो कार्यक्रममा ख्यातिप्राप्त गायक(गायिकाले प्रस्तुति गर्नुभएको थियो । नेकपा (एमाले)का उपाध्यक्ष विष्णु पौडेलले कार्यक्रममा लामो राजनीतिक भाषण गरेन । कार्यक्रममा लोकगायक बद्री पङ्गेनीले 'खै हाम्रो दिलमा त घामै लाएन, जसको शासन आए पनि जनताको शासन आएन' भन्ने गीत गाउँदा उपस्थित सङ्गीतप्रेमीले भरपुर मनोरञ्जन लिएका थिए ।

राष्ट्रिय लोकदोहोरी प्रतिष्ठानका पूर्वअध्यक्षसमेत रहेका उनको साङ्गीतिक प्रस्तुति हेर्न स्थानीय अबेरसम्म बसेका थिए ।

नयाँ पुस्ताकी लोकप्रिय गायिका रचना रिमालको प्रस्तुति सुरु भएपछि उपस्थित सङ्गीतप्रेमीलाई व्यवस्थित गर्न हम्मेहम्मे परेको थियो ।

# साउनमा भारतमा बिजुली बेचेर कमायो प्राधिकरणले दुई अर्ब

काठमाडौं, ५ भदौ (रासस)/ आर्थिक वर्ष २०७८/७९ मा १६ अर्ब १६ करोड बराबरको नाफा गरेको नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो महिनामा नै झण्डै दुई अर्ब बराबरको बिजुली भारत निर्यात गरेको छ ।

वर्षायाममा भारतमा बढी बिजुलीको माग हुने भएकाले प्राधिकरणले आवश्यकताका आधारमा बिजुली निर्यात गरिरहेको छ । यस्तै प्राधिकरणले थप एक सय ११ मेगावाट बिजुली निर्यातका लागिसमेत प्रयास गरिरहेको छ ।

प्राधिकरणले चालु आवको पहिलो महिना अर्थात् गत साउनमा एक अर्ब ८३ करोड ८८ लाख ७६ हजार बराबरको बिजुली निर्यात गरेको छ ।

प्राधिकरणले देशभित्र खपत गरी बढी भएको २४ करोड २६ लाख ८३ हजार युनिट विद्युत साउनमा भारततर्फ निर्यात गरेको हो । विद्युत् निर्यातबाट गत साउनमा औसतमा दैनिक पाँचा करोड ९३ लाख कमाउन प्राधिकरण सफल भएको छ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठ गतेदेखि इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री सुरु गरेको थियो ।

सुरुमा नुवाकोटका दुई विद्युत्गृहको ३९ मेगावाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिक रुपमा आइएक्समा बिक्री गरिएको थियो । त्यसपछि २७ जेठदेखि दैनिक रुपमा विभिन्न छ वटा जलविद्युतगृहबाट उत्पादित विद्युत्लाई स्रोत मानेर बिजुली निर्यात भएको छ ।

त्यस आधारमा दैनिक तीन सय ६४ मेगावाट भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ । आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ ।

गत आव २०७८/७९ मा तीन अर्ब ८८ करोडको विद्युत् निर्यात भएको थियो । ढल्केबर-मुजफ्फरपुर चार सय केभी अन्तर देशीय प्रसारण लाइनमार्फत विद्युत् निर्यात भइरहेको छ ।

गत आवमा प्राधिकरणको सौर्य प्लान्ट, माथिल्लो तामाकोसी र निजी क्षेत्रका जलविद्युत् तथा सौर्य आयोजनाको कूल सात सय ३५ मेगावाट विद्युत् प्रणालीमा थप भएको थियो ।

योसँगै वर्षायाममा देशभित्रको मागभन्दा बढी उत्पादन गर्न सकिने अवस्था आएकाले भारतीय बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गर्न सफल भएको प्राधिकरण कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए ।

"विद्युत् निर्यात वृद्धि हुँदा प्राधिकरणको आर्थिक अवस्थामा सुधार आउनुका साथै हाम्रो देशको विदेशी मुद्रा सञ्चितिमा वृद्धि भई राष्ट्रिय अर्थतन्त्रमा समेत ठूलो टेवा पुगेको छ, दुई मुलुकबीचको व्यापार घाटालाई समेत केही कम गर्न सहयोग भएको छ", कार्यकारी निर्देशक घिसिङले भने ।

मुलुकमा विद्युत् उत्पादन दिनानुदिन थप हुँदै गइरहेको हुँदा घरायसी खपत र औद्योगिक खपत बढाउन आवश्यक छ, यसका लागि प्रसारण तथा वितरण लाइनको विकास र सुधार गर्नुका साथै उद्योगीले विशेष सेवा र सुविधा प्राप्त गर्ने व्यवस्था मिलाइने भएको छ ।

***थप एक सय ११ मेगावाट निर्यात प्रस्ताव***

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको थप उक सय ११ मेगावाट विद्युत् इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्रीको प्रस्ताव गरेको छ ।

प्राधिकरणले थप चार जलविद्युत्गृहबाट उत्पादित विद्युतलाई स्रोत मानी आइएक्समा प्रतिस्पर्धाबाट बिक्रीका लागि भारत सरकारको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणमा अनुमतिका लागि प्रस्ताव पेश गरेको हो ।

केन्द्रीय विद्युत् प्राधिकरणबाट अनुमति पाएपछि थप विद्युत् निर्यात सुरु हुने छ । प्राधिकरणले ४२ मेगावाटको मिस्त्रीखोला, २४.२ मेगावाटको लिखूखोला 'ए', २३.५ मेगावाटको सोलुखोला, २२.१ मेगावाटको चिलिमेको विद्युत्गृहबाट उत्पादित एक सय ११.८ मेगावाट विद्युत् निर्यातको प्रस्ताव स्वीकृतिका लागि पेस गरिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले थप विद्युत् निर्यातका लागि भारत सरकारबाट छिट्टै अनुमति प्राप्त हुनेमा विश्वास व्यक्त गरे । "नेपाल र भारतको बिहार राज्यबीच विद्युत् आदानप्रदान गर्न निर्माण गरिएको एक सय ३२ केभी प्रसारण लाइनको पूर्ण सदुपयोग हुने गरी वर्षायाममा बचत भएको विद्युत् उत्तर बिहार पावर वितरण कम्पनीबाहेकका निकायलाई समेत बिक्री गर्न भारत सरकारका सम्बन्धित निकायसँग आवश्यक भइरहेको छ", उनले भने ।

भारतको केन्द्रीय विद्युत् प्रणालीअन्तर्गत दैनिक विद्युत् बजार (डे अहेड मार्केट) मा विद्युत् बिक्री गरिन्छ । प्राधिकरणले हरेक दिन बिहान १० बजेदेखि मध्यान्ह १२ बजेसम्म एक्सचेन्ज बजारमा बिक्री गरिने विद्युतको परिमाणसहित बोलपत्रमा प्रतिस्पर्धा गरिन्छ ।

विद्युत् प्रणालीमार्फत तय हुने 'मार्केट क्लियरिङ प्राइस'का आधारमा विद्युत्कोप्रति युनिट बिक्री दर तय हुन्छ ।

प्रतिस्पर्धी दर तय भएपछि रातिको १२ बजेदेखि अर्को दिनको रातको १२ बजेसम्म अर्थात् २४ घण्टा विद्युत् निर्यात गरिन्छ । प्राधिकरणकातर्फबाट एक्सचेन्ज बजारको सम्पूर्ण कारोबार नेपालसँगको विद्युत् व्यापारका लागि तोकिएको सम्पर्क निकाय एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)ले गर्छ । एनभिभिएनले हरेक दिनको कारोबार सम्बन्धी विवरण प्रत्येक दिन साँझ ६ बजे प्राधिकरणलाई पठाउँछ ।



**सहकारीबाटै किसानलाई मल:** मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ स्थित स्वरोजगार साना किसान कृषि सहकारी संस्था लिमिटेडमा रसायनिक मल लिन आएका स्थानीय कृषकहरु । स्थानीय कृषि सहकारीहरुले गाउँपालिका कार्यालयसँगको समन्वयमा किसानहरुलाई मल बिक्री वितरण गर्दै आइरहेको छ । गाउँपालिकाले रसायनिक मलको कृतिम अभावलाई रोक्न केही वर्षअघिदेखि पालिकाभित्रका कृषि सहकारीमार्फत किसानहरुलाई सहुलियत दरमा मल वितरण गर्ने योजना ल्याएको थियो । गाउँपालिका कार्यालयले भूगोलअनुसार मलको मुल्य निर्धारण पनि गरेको छ । १ भदौमा पालिकाले १ र ८ नम्बर वडामा युरिया मल १ हजार, डिएपी मल २ हजार ४ सय ५० र पोटास मल १ हजार ८ सय ५० रुपैयाँ निर्धाण गरेको थियो । २ देखि ६ नम्बर वडामा युरिया मल ९ सय ३०, डिएपी मल २ हजार ३ सय ८० र पोटास मल १ हजार ७ सय ८० रुपैयाँ निर्धाण गरेको छ । वडा नम्बर ७ मा युरिया मल ९ सय ७५, डिएपी मल २ हजार ४ सय २५ र पोटास मल १ हजार ८ सय २५ रुपैयाँ निर्धाण गरेको थियो । *-तस्बिर: साझाकुरा*

# लागूऔषधसहित दुईजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ मकवानपुर प्रहरीले लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ ।

प्रहरीले पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरीको चेकपोष्टबाट लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको हो । प्रहरीले सुरक्षाजाँच गर्ने क्रममा बीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको ना ३ ख ५५९३ नम्बरको पेट्रोलियम पदार्थ लोड भएको ट्याङकरबाट लागूऔषध बरामद गरेको जनाएको छ । पक्राउ पर्नेमा चालक बारा जिल्लाको साविक अमलेखगन्ज-३ घर भई हाल मकवानपुर जिल्लाको हेटौंडा-४, हुप्रचौर बस्ने ३८ वर्षीय प्रमेश कुमार श्रेष्ठ र सहचालक हेटौंडा-५ लटिनाथ बस्ने ३२ वर्षीय संगदीप पाण्डे रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ट्याङकरको चालकको सिट पछाडिको क्याबिनको भागमा लुकाई छिपाई ल्याएको अवस्थामा लागूऔषध नाईट्रोभेट ४८० ट्याब्लेट, पेइभोन स्पास प्लस ४८० क्याप्सुल, डायलक्स डीसी १०० एमएलको १ बोतल बरामद गरेको प्रहरीले जनाएको छ । यस्तै सुन जस्तो देखिने पहेँलो धातुबाट बनेको टाउकोमा लगाउने चन्द्रमा र तारा १/१ थान पनि बरामद भएको प्रहरीले उल्लेख गरेको छ ।

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा बुद्धिचालको खेलाडी छनोट

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअर्न्तगत मकवानपुरमा बुद्धिचाल खेलका खेलाडी छनोट गरिएको छ ।

आगामी असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा मकवानपुरबाट बुद्धिचालमा सहभागी हुने खेलाडीहरु छनोट गरिएको हो । बुद्धिचाल खेलमा छनोटका लागि पाँच जनाले प्रतिस्पर्धा गरेका थिए ।



जसमध्ये पुरुषतर्फ तीन जना खेलाडी छानिएका छन् । छनोट हुनेमा बलराम सञ्जेल, सुन्दर कार्की र विकास राज शर्मा रहेका छन् । छनोट भएका तीनै जनाले प्रदेश छनोट खेल्नेछन् । खेलाडी छनोट गर्ने कार्यक्रम अन्तर्गत सोमबार टेबलटेनिसका खेलाडी छनोट गरिने जिल्ला खेलकुद विकास समिति मकवानपुरका निमित्त प्रमुख माधव कोइरालाले जानकारी दिए । आगामी बिहीबार सम्ममा खेलाडी छनोट गरिने उनको भनाइ छ । जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गीको अध्यक्षता तथा प्रदेश खेलकुद विकास समितिका सदस्य माधव तिमल्सिनाको प्रमुख आतिथ्यतामा खेलाडी छनोट गरिएको हो ।

# राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरको प्रथम भेला ९ गते हुने

हेटौंडा, ५ भदौ/ राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरको प्रथम प्रारम्भिक भेला हुने भएको छ ।

पार्टीको प्रथम प्रारम्भिक भेला ९ गते (बिहीवार) हेटौंडामा हुन लागेको हो । भेलाले जिल्ला समितिलाई पुर्नता दिने, जिल्लाका पालिकाहरुमा संगठन विस्तार हुने पार्टी सचिव रामप्रसाद आचार्य(सुमन)ले जानकारी दिए । भेलाले आगमी निर्वाचनको लागि उम्मेदवारको बारेमा समेत छलफल गरिने आचार्यले बताए । गत साउन २७ गते पार्टी सभापति रवि लामिछानेको उपस्थिमा भएको प्रथम प्रदेश स्तरिय भेलाले जिल्लाको संयोजकमा राजकुमार न्यौपानेलाई जिम्मेवारी दिएको थियो ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



हेटौंडा उपमहानगरपालिका कार्यालय

**नगर कार्यपालिकाको कार्यालय**

हेटौंडा, मकवानपुर

**फोहोर पृथकीकरण (कुहिने र नकुहिने छुट्याउने) सम्बन्धी अत्यन्त जरुरी सूचना**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ (१), (२) तथा हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा २४ (१), (२) को व्यवस्था अनुसार २०७९ साल भाद्र ३ गतेदेखि स्रोतमा नै जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहोरको पृथकीकरण गर्नुहुन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गर्दछौं । उक्त व्यवस्था अनुसार फोहोर पृथकीकरण गर्ने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकोले फोहोर वर्गीकरण गरी सकेसम्म आफ्नो घरबाट निस्किने कुहिने फोहर आफ्नै घरमा व्यवस्थापन गर्नु हुन अनुरोध गर्दछौं । सो व्यवस्थापन गर्न नसक्ने नगरबासीहरुले बारको आधारमा फोहोर संकलन गर्न आउने ढुवानी साधनमा फोहर निश्काशन गर्नहुन साथै बजार क्षेत्रका पसल व्यवसायीहरुले आफ्नो फोहोर डस्टबिनमा राखी फोहोर संकलन गर्न आउने ढुवानी साधन आँउदामात्र फोहोर निश्काशन गर्न जानकारी गराईन्छ ।

*सडक, सार्वजनिक स्थल, खोलामा जथाभावी फोहोर हुनबाट रोकौं **सफा हेटौंडा अभियान**लाई सफल पारौं ।*



**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

**सिद्धार्थ माध्यमिक विद्यालय**

हेटौंडा- २, मकवानपुर

**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७







**Note:** BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।



साझाकुरा राष्ट्रिय दैनिक खोजी खोजी पढौं www.sajhakuranews.com मा पनि हेर्न सक्नुहुन्छ ।



कोरोना भाइरसबाट बचौं र बचाऔं ।

विज्ञापन, लेख रचना तथा समाचारहरु प्रकाशनको लागि हामीलाई सम्झनुहोस् ।



**Hotel Smarak**

Heartily Hospitality

WE ARE HIRING !

CAREER OPPORTUNITY in HOTEL SMARAK HETAUDA

We are looking for passionate and innovative hotelier professionals for our up-coming hotel Who is appreciative and highly creative in making memorable experiences for our guests.

**Front Office:**
-Front Office Supervisor
-Front Office Associates
**Housekeeping:**
-Housekeeping Supervisor
-Housekeeping Attendant
**F&B Production:**
-DCDP
-Commi I, II & III
-Kitchen Steward

**F&B Service:**
-F&B Service Captain
-F&B Service Associates & Hostess
**Maintenance:**
-Plumber
-Electrician
**Account:**
-Accountant
**Store:**
-Storekeeper

**Sales & Marketing:** Sales & Marketing Officer

Interested candidates can send their CV and relevant documents at **hotelsmarak123@gmail.com**
Hotel Management candidates are highly recommended, fresher and experience both can apply.
Last application date is 10th of Bhadra (26th Aug 2022)



**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२




हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना